## नाम्खा गाउँपालिका,
## ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना. तेस्रो

२०७७ श्रावण



# आर्थिक वर्ष २०७६/७७ को
# वार्षिक
# प्रगति प्रतिवेदन

नाम्खा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
याल्बाङ, हुम्ला

ग्रामीण जलस्रोत व्यवस्थापन
परियोजना गाउँपालिका सहयोग
इकाई कार्यालय

# विषय सूची


आर्थिक वर्ष २०७६/७७ को प्रगतिको सारांश ........ 2

क. आर्थिक प्रगति सारांश ........ 2

ख. भौतिक प्रगति सारांश ........ 4

नतिजा १: खानेपानी, सरसफाइ तथा स्वच्छता ........ 4

नतिजा २: जीविकोपार्जन प्रवर्द्धन ........ 6

नतिजा ३: जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण ........ 7

नतिजा ४: क्षमता विकास ........ 7

आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति प्रतिवेदन ........ 9

१. पृष्ठभूमि ........ 9

२. लक्ष बमोजिम उपलब्धी ........ 11

३. अनुगमन तथा प्रतिबेदन ........ 16

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 17

५. नीति तर्जुमा ........ 18

६. सहकार्य ........ 19

७. आइपरेका समस्याहरु ........ 19

अनुसूची १: यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 20

अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 22

अनुसूची २.२: गत वर्ष २०७५।०७६ सम्मको पेश्की / वेरुजु बाँकीको अवस्था ........ 23

अनुसूची २.३: आर्थीक बर्ष २०७६/०७७ मा थप भएको समेत कुल पेश्की / बेरुजु बाँकीको अवस्था ........ 24

अनुसूची ३: गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 25

अनुसूची ४: भिजिविलिटी ........ 28

अनुसूची ५: जनशक्ति विवरण ........ 29




GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# आर्थिक वर्ष २०७६/७७ को प्रगतिको सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | नाम्खा गाउपालिका, हुम्ला |
| **परियोजनाको नाम:** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधि:** | १ श्रावन २०७६ देखि ३१ आषाढ २०७७ (16th July 2019 to 16th July 2020) |

## क. आर्थिक प्रगति सारांश

| | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.व. को कुल बजेट तथा खर्चको अवस्था** (रु. हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **पुँजीगत:** | ६८८७६ | ४५६३५ | ४५६३५ | ६६% |
| | **कार्यक्रम / चालु:** | १२२७० | १२२३२ | ९६८२ | ७९% |
| | **जम्मा:** | **८११४६** | **५७८६७** | **५५३१७** | **६८%** |

| | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| **स्रोतगत रुपमा आर्थिक वर्षको बजेट तथा खर्चको अवस्था** (रु. हजारमा) | **स्थानीय तह** | १२३९९ | ८४२२ | ८४२२ | ६८% |
| | **नेपाल सरकार** | ५८४७ | ५८४७ | ५८४७ | १००% |
| | **दातृ निकाय (GoF / EU)** | ६२९०० | ४३५९८ | ४१०४८ | ६५% |
| | **जम्मा (WRDF):** | **८११४६** | **५७८६७** | **५५३१७** | **६८%** |
| | उपभोक्ताको (Cash) | ४७९४ | २५४४ | २५४४ | **५३%** |
| | उपभोक्ताको (Kind) | २३९३६ | १७४११ | १७४११ | **७३%** |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा (उपभोक्ता):** | २८७३० | १९९५५ | १९९५५ | ६९% |
| | **कुल जम्मा:** | १०९८७६ | ७७८२२ | ७५२७२ | ६९% |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# ख. भौतिक प्रगति सारांश

## नतिजा १: खानेपानी, सरसफाइ तथा स्वच्छता

| क्षेत्र | आ.व. २०७६/७७ को लक्ष | आ.व. २०७६/७७ को उपलब्धि | Phase III को हालसम्मको उपलब्धि |
|---|---|---|---|
| **संरचनाहरु (Schemes):** | | | |
| खानेपानी आयोजनाको संख्या (IPC र IPC*) | ५ | ५ | ११ |
| खानेपानी आयोजनाको संख्या (IPO) | | ५ | |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | ११११ | ११११ | २६०८ |
| खानेपानी आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | | १७०३ | |
| संस्थागत शौचालय (IPC र IPC*) | ६ | ६ | ११ |
| संस्थागत शौचालय (IPO) | | २ | |
| सरसफाइ तथा स्वच्छता संरचनाहरु: | | | |
| हातधुने स्थान (घर संख्या) | २५ | १४ | १२५ |
| चांग (घर संख्या) | १० | ५ | ६८ |
| अन्य (घर संख्या) | ० | ० | ० |
| **अन्य सूचकांकहरु:** | | | |
| घरभेट | | | |
| प्रथम पटक | ५०० | ५५० | ६०० |
| दोस्रो पटक | २५० | ३०० | ४०० |
| तेस्रो पटक | १५० | १५० | २०० |
| चौथो पटक | ५० | ८० | १०० |
| पूर्ण सरसफाइयुक्त खानेपानी आयोजना घोषणा | ० | ० | ० |
| खानेपानी आयोजनाअन्तर्गतको पूर्ण सरसफाइयुक्त घर संख्या | ३०० | २६९ | २६९ |
| School WASH (3 – Star model) | | | |
| १ – तारा पुगेको विद्यालय संख्या | ० | ० | ० |
| २ – तारा पुगेको विद्यालय संख्या | ० | ० | ० |
| ३ – तारा पुगेको विद्यालय संख्या | ० | ० | ० |
| **तालिम, गोष्ठी तथा अभियानहरु:** | | | |
| खानेपानी, पानी गुणस्तर तथा स्वच्छता सम्बन्धि आयोजनास्तरमा सम्पन्न तालिम, गोष्ठी तथा अभियानहरु | ६४८ | ६४८ | ८०० |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| खानेपानी, पानी गुणस्तर तथा स्वच्छता सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न तालिम, गोष्ठी तथा अभियानहरु | ७३ | ७३ | १०० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## नतिजा २: जीविकोपार्जन प्रवर्द्धन

| क्षेत्र | आ.व. २०७६/७७ को लक्ष | आ.व. २०७६/७७ को उपलब्धि | Phase III को हालसम्मको उपलब्धि |
|---|---|---|---|
| सिंचाई आयोजनाको संख्या (IPC र IPC*) | ४ | ४ | ४ |
| सिंचाई आयोजनाको संख्या (IPO) | | १ | |
| सिंचाई आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | १०२१ | १०२१ | १०२१ |
| सिंचाई आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | | २८३ | |
| बहुउपयोगी आयोजनाको संख्या (IPC र IPC*) | १ | १ | १ |
| बहुउपयोगी आयोजनाको संख्या (IPO) | | ३ | |
| बहुउपयोगी आयोजनाबाट लाभान्वित जनसंख्या (IPC र IPC*) | ३३१ | ३३१ | ३३१ |
| बहुउपयोगी आयोजनाबाट लाभान्वित जनसंख्या (IPO) | | ४३९ | |
| जीविकोपार्जन संरचना निर्माण (IPC र IPC*) | ० | ० | ० |
| जीविकोपार्जन संरचना निर्माण (IPO) | | ० | |
| **आधारभूत जीविकोपार्जन (घरवारी):** | | | |
| घरवारी सम्बन्धि तालिम संख्या (नयाँ) | १५ | १५ | ३० |
| घरवारी सम्बन्धि तालिम संख्या (पुनर्ताजगी) | | | |
| घरवारी तयार गरेका घर संख्या | ४५५ | ४५५ | ९२६ |
| घरवारीबाट लाभान्वित जनसंख्या | २७३० | २७३० | ५५५६ |
| **Advanced Livelihood** | | | |
| प्राविधिक (Agro-vet, VMW, MPN, LF, LRP, etc.) तालिम संख्या | १ | १ | २ |
| प्राविधिक (Agro-vet, VMW, MPN, LF, LRP, etc.) तालिममा सहभागी संख्या | २ | २ | ४ |
| लघुउधम तथा कृषि व्यवसायको संख्या | १ | १ | १ |
| लघुउधम तथा कृषि व्यवसायमा सहभागी संख्या | १९ | १९ | १९ |
| **गोष्ठी तथा अभियानहरु:** | | | |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि समुदायस्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरु (संख्या) | १ | १ | १ |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरु (संख्या) | २ | २ | २ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि समुदायस्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरुमा सहभागी संख्या | १७ | १७ | १७ |
| जीविकोपार्जन तथा सहकारी सम्बन्धि गाउँपालिका तथा वडास्तरमा सम्पन्न गोष्ठी तथा अभियानहरुमा सहभागी संख्या | ३४ | ३४ | ३४ |

## नतिजा ३: जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण

| **क्षेत्र** | **आ.व. २०७६/७७ को लक्ष** | **आ.व. २०७६/७७ को उपलब्धि** | **Phase III को हालसम्मको उपलब्धि** |
|---|---|---|---|
| सुधारिएको चुल्हो (ICS) निर्माण संख्या | ५ | ५ | ६ |
| सुधारिएको चुल्हो (ICS) बाट लाभान्वित जनसंख्या | ३७६९ | ३७६९ | ४३३३ |
| सुधारिएको पानी घट्ट (IWM) निर्माण संख्या | १ | १ | २ |
| सुधारिएको चुल्हो (IWM) बाट लाभान्वित जनसंख्या | ३३१ | ३३१ | ११२९ |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि भौतिक क्रियाकलापहरु | 0 | 0 | 0 |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि समुदायस्तरमा गरिएको तालिम, गोष्ठीहरु | 0 | 0 | 0 |
| जलवायु परिवर्तन अनुकुलन / प्रकोप जोखिम न्यूनीकरण सम्बन्धि गाउँपालिका तथा वडास्तरमा गरिएको तालिम, गोष्ठीहरु | 0 | 0 | 0 |

## नतिजा ४: क्षमता विकास

क्षमता विकास सम्बन्धि क्रियाकलापहरुको बुँदागत सारांश:

- उपभोक्ता समितिलाई व्यवस्थापन तालिम
- उपभोक्ता समितिलाई तयारी चरणका तालिम
- उपभोक्ता समितिलाई कार्यान्वयन चरण तालिम
- निर्माण पश्च्यात तालिम

- महिनावारी स्वच्छता तालिम
- अगुवा कृषकहरुलाई तालिम
- भुईचुक प्रसोधन तालिम
- घरबारी बय्बस्थापन तालिम
- सहकारीलाई लेखा व्यवस्थापन तालिम
- लैङ्गीक उत्तरदायी योजना तर्जुमाको लागि निर्णयमा महिला बिसयक कार्यसाला गोष्ठी
- यारिखोला लघु जलबिधुत सहकारी संस्थाका पदाधिकारीहरूलाई प्रशीक्षक प्रशिक्षण तथा विनियम तालिम

# आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमि

कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०४।१३ स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७६/०७७ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये **७१** प्रतिशत रकम निकासा भै निकासाको आधारमा **९६** प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको सबै खर्च भएको छ भने दातृ निकाय तर्फको **रु २५,५०,६६५।** परियोजना कार्यालयमा फिर्ता गरिएको छ । स्थानीय तहको निकासा भएको **रु. ४,२२,१४९। मध्ये रु. ४,२२,१४९। खर्च भएको छ** । यस स्थानीय तहमा बजेटको तुलनामा **६८%** तथा निकासाको आधारमा ९६% आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका २७ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये १८ वटा योजनाहरु सम्पन्न भएका छन् भने ९ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन् ।

यस प्रतिवेदनमा नाम्खा गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यस नाम्खा गाउँपालिका नेपालको संविधान, २०७२ को धारा २९५ उपधारा(३) बमोजिम कायम भएका ७५३ स्थानिय तहहरू मध्ये एक स्थानिय तह हो । यो कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको सुदुर उत्तर पश्चिम भागमा अवस्थित रहेको छ । यो चिनको स्वसाशित क्षेत्र तिब्बतसगँ जोडिएको छ । यो क्षेत्रफलका हिसावले नेपालको सबैभन्दा ठुलो गाउँपालिका हो जसको कुल क्षेत्रफल करिब २४१९.६४ वर्ग कि.मी रहेको छ। साविकको हेप्का, खगालगाउँ, मुचु र लिमी गा.वि.सहरू मिली बनेको यस गाउँपालिकामा हाल जम्मा ६ वटा वडाहरू रहेका छन । यस गाउपलिका को केन्द्रः याल्वाङ्ग (साविकको मुचु गा.वि.सकको कार्यालय) मा रहेको छ । यसको पुर्वमा सिमकोट गाउँपालिका, पश्चिम र उत्तरमा चिनको तिब्बत क्षेत्र र दक्षिणमा बझाङ र बाजुरा जिल्ला रहेका छन । वि.स. २०६८ को जनगणना अनुसार यस


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

गाउँपालिकामा करिब ३९०० जनसङ्ख्या रहेको छ। यहाँ एक मात्र जाति तामाङ (लामा) हरूको मात्र वसोबास रहेको छ। यिनीहरू बौद्ध धर्म मान्दछन। यस गाउँपालिको प्रत्येक टोलहरूमा लामा जातिहरूको आस्थाको प्रतिक देवता मानिने बौद्ध गुम्बाहरू रहेका छन। यिनीहरूको मुख्य चाडपर्व सोनाम ल्होसार हो। यहाँ उवा, फापर, कोदो,आलु, चिनो, कागुनो, मकै, स्याउ, ओखर, चुली, खामु जस्ता खाधबालीहरू उत्पादन हुने गर्दछ। यहाँको जंगल सल्लो, धुपी, भोजपत्रले ढाकेको छ। यार्सागुम्बा, च्याउ, उत्तिस, कटुकी, जटामसी आदी जडिबुटीहरू यहाँको वन क्षेत्रमा उपलब्ध छन।

# २. लक्ष बमोजिम उपलब्धी

२.१ "जलउपयोग गुरुयोजना / जीविकोपार्जन कार्यन्वयन योजना" को कार्यन्वयन प्रगति

२.१.१. जलउपयोग गुरुयोजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरु:

- जलउपयोग गुरूयोजना तथा जिविकोपार्जन कार्यान्वियन योजनालाई गाउँ पालिका कार्यपालिका बैठकबाट पारित गर्दै गाउँ सभाबाट अनुमोदन गर्ने काम भयो ।
- जल उपयोग गुरू योजना तथा जिविकोपार्जन कार्यान्वियन योजनामा प्राथामिकतामा परेका योजना लाई योजना तर्जुमामा पहिलो प्राथामिकतामा छनोट गरिएको ।

२.१.२. जीविकोपार्जन कार्यन्वयन योजनाको कार्यन्वयन सम्बन्धि महत्वपूर्ण प्रगतिहरु:

- घरबारी ब्यबस्थापनका लागि १५ वटा कृषक समुहका ४५५ व्यक्तिहरुले ३ दिने तालिम लिएका साथै ४२ वटा पलास्टिक बितरण गरि प्लास्टिक घर निर्माण भएका छन् ।

## २.२ भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७६/७७ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

- सुम्ताक खा पा तथा सरसफाई योजना निर्माण भएपछी ४६ घरधुरी लाई स्वच्छ पिउनेपानीको पहुच पुगेकोछ ।
- छायाची खा पा तथा सरसफाई योजना निर्माण भएपछी २५ घरधुरी लाई स्वच्छ पिउनेपानीको पहुच पुगेकोछ ।
- हेप्का खा पा तथा सरसफाई योजना निर्माण भएपछी ७८ घरधुरी लाई स्वच्छ पिउनेपानीको पहुच पुगेकोछ ।
- लामागाउ खा पा तथा सरसफाई योजना निर्माण भएपछी १० घरधुरी लाई स्वच्छ पिउनेपानीको पहुच पुगेकोछ ।
- गाडापारी खा पा तथा सरसफाई योजना निर्माण भएपछी २३ घरधुरी लाई स्वच्छ पिउनेपानीको पहुच पुगेकोछ ।
- हल्दिङ सिचाई योजना निर्माण भएपछी ७३ घरधुरी लाई सिचाईमा पहुच पुगेकोछ ।
- होम्जांग सिचाई योजना निर्माण भएपछी ४० घरधुरी लाई सिचाईमा पहुच पुगेकोछ ।
- ज्ञानगोटाङ सिचाई योजना निर्माण भएपछी ३३ घरधुरी लाई सिचाईमा पहुच पुगेकोछ ।
- लुम्जुङ बहुउपयोगी योजना योजना ४५ निर्माण भएपछी ३३ घरधुरी लाई सिचाईमा पहुच पुगेकोछ ।
- ताङगिन बहुउपयोगी योजना निर्माण भएपछी ४३ घरधुरी लाई सिचाई प्रयोग हुनुका साथै आधुनिक घट्ट को पहुच पुगेकोछ ।
- नाम्खा गाउपालिकामा ४७३ घरधुरी लाई आधुनिक फलामे चुल्होको पहुच पुगेकोछ ।
- सस्थागत शौचालय ५ वटा निर्माण भएका छन् ।

**तालिका २.१: यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी**

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष |  | हासिल भएको उपलब्धी |  | प्रगती प्रतिशत (%) |  |
|---|---|---|---|---|---|---|---|
|  |  | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ५ | ११११ | ५ | ११११ | १००% | १००% |
| २ | सिँचाई योजनाहरु | ५ | १३५२ | ५ | १३५२ | १००% | १००% |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | ८ | ९५८ | ८ | ९५८ | १००% | १००% |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | १५ | ९२६ | १५ | ९२६ | १००% | १००% |
| ५ | सुधारिएको चुल्हो | ५ | ३७६९ | ५ | ३७६९ | १००% | १००% |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | १ | ३३१ | १ | ३३१ | १००% | १००% |

**तालिका २.२: यस आर्थिक वर्षमा सम्पन्न भएका आयोजनाहरु**

| क्र.सं. | क्षेत्र | आयोजनाको नाम | आयोजनाको संक्षिप्त विवरण |
|---|---|---|---|
| १. | नाम्खा-५ मुचु | सुम्ताक खा पा तथा सरसफाई योजना । | इन्टेक १वटा आरभीटि २ वटा सार्बजनिक धारा २० बिधयालय धारा १ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | |
|---|---|---|---|
| २. | नाम्खा-४ याल्बाङ | छायाची खा पा तथा सरसफाई योजना | इन्टेक १ वटा आरभीटि १ वटा सार्बजनिक धारा ९ वटा |
| ३. | नाम्खा-१ हेप्का | हेप्का खा पा तथा सरसफाई योजना | इन्टेक १ वटा आरभीटि १ वटा सार्बजनिक धारा ९ वटा बिधयालय धारा १ |
| ४. | नाम्खा-१ लामागाउ | लामागाउ खा पा तथा सरसफाई योजना | इन्टेक १ वटा आरभीटि १ वटा सार्बजनिक धारा ४ |
| ५. | नाम्खा-१ गाडापारी | गाडापारी खा पा तथा सरसफाई योजना | इन्टेक २ वटा आरभीटि २ वटा सार्बजनिक धारा ४ वटा बिधयालय धारा १ वटा |
| ६. | नाम्खा-६लिमि हल्जी | हल्दिङ सिचाई योजना | ४०० मिटर नहर |
| ७. | नाम्खा-६लिमि जाङ्ग | होम्जांग सिचाई योजना निर्माण | ४०० मिटर नहर |
| ८. | नाम्खा-६ लिमि तिल | ज्ञानगोटाङ सिचाई योजना | २०० मिटर नहर |
| ९. | नाम्खा-१ ताङगिन | ताङगिन बहुउपयोगी योजना योजना | २४१७ मिटर पाइप प्रणाली |
| १०. | नाम्खा-४ याल्बाङ | लुम्जुङ बहुउपयोगी योजना योजना | ४०० मिटर नहर |

## तालिका २.३: लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण

| **क्र.सं.** | **लक्षबमोजिमउपलव्धीहासिलहुननसक्नुको कारण** | **भविष्यमा यस प्रकारको समस्याआउननदिनको लागिगाउँपालिका परियोजनाव्यवस्थापन समितिको रणनीति** |
|---|---|---|
| १ | अत्याधिक मात्रामा हिमपात हुनु | बाह्य सामाग्रीको खरिद ढुवानी चाँडो गर्ने |
| २ | विश्व महामारी (कोभिड १९) फैलिनु | प्रत्येक योजना स्थलमा साबुन पानीको व्यवस्था गरिएको |

## २.३ क्षमता विकास

आर्थिक वर्ष २०७६/०७७ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

- खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिमहरु
- लैंगिक उत्तरदयी योजना तर्जुमाको लागि निर्णयमा महिला विषयक कार्यशाला गोष्ठी
- घरबारी ब्यबस्थापन / अगुवा किसान तथा स्थानीय स्रोत व्यक्तिहरुका लागि तरकारी खेति तालिम
- लघु जलबिधुत सहकारी सस्थाहरुको प्रशिक्षक प्रशिक्षण / विनियम निर्देशिका तयारी तालिम
- भुईचुक संकलन तथा प्रोसधन तालिम

## तालिका २.४: क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ० | ० | ४११ | ३१० | ० | ० | ४११ | ३१० | ७२१ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ० | ० | ३९२ | १३३ | ० | ० | ३९२ | १३३ | ५२५ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | १ | १ | ० | ० | १ | १ | २ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | ० | ० | १९ | ० | १ | ३ | २० | ३ | २३ |
| **जम्मा:** | ० | ० | ८२३ | ४४४ | १ | ३ | ८२४ | ४४७ | १२७१ |
| **प्रतिशत** | ०% | | १००% | | ०% | | ६५% | ३५% | १००% |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४ जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

**१. घरबारी:** १५ वटा कृषक समुहका ४५५ व्यक्तिहरुले ३ दिने तालिम लिएका साथै ४२ वटा पलास्टिक बितरण गरि प्लास्टिक घर निर्माण भएका छन् ।

**२. आयआर्जन:** भुईचुक संकलन तथा प्रोसधन तालिम भएको

**३. सहकारी:** यारी हिल्सा लघु जलबिधुत सहकारी सस्थालाई प्रशिक्षक प्रशिक्षण / विनियम निर्देशिका तयारी तालिम भएको



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

४.लघु उद्यम:

**५. स्थानीय स्रोत व्यक्ति उत्पादन:** अगुवा किसान तथा स्थानीय स्रोत व्यक्तिहरुका लागि तरकारी खेति तालिम भएको

**तालिका २.५: घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण**

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | परियोजनाको तेस्रो चरणको कुल जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | १४७ | ० | १४७ | ० | १४७ | ० | १४७ | ० | २९४ | ० | २९४ |
| ३ | ० | ० | ० | ० | ० | १५५ | ० | १५५ | ० | १५५ | ० | १५५ |
| ४ | ० | ११३ | ० | ११३ | ० | ३४ | ० | ३४ | ० | १४७ | ० | १४७ |
| ५ | ० | ५० | ० | ५० | ० | ११९ | ० | ११९ | ० | १६९ | ० | १६९ |
| ६ | ० | १६१ | ० | १६१ | ० | ० | ० | ० | ० | १६१ | ० | १६१ |
| **जम्मा** | **०** | **४७१** | **०** | **४७१** | **०** | **४५५** | **०** | **४५५** | **०** | **९२६** | **०** | **९२६** |

**तालिका २.६: आयआर्जन सम्बन्धी विवरण**

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ० | १० | ० | १० |
| **जम्मा** | | ० | १० | ० | १० |

**तलिका २.७: सहकारी सम्बन्धी विवरणः**

| क्र.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | | |
|---|---|---|---|---|
| | | खिम्जुंग कृषि सहकारी | | |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ० | | |
| क | सामुदायिक संस्था | २ | | |
| ख | उपभोक्ता समिति | ० | | |
| ग | घरवारी व्यवस्थापन समुह | ० | | |
| २ | शेयर धनीहरुको संख्या | ९० | | |
| क | महिला | ६५ | | |
| ख | पुरुष | २५ | | |
| ३ | कुल सम्पत्ती रु. | १९७,६०० | | |
| ४ | कुल ऋण लगानी रु | ० | | |
| ५ | असूली दर | ० | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | खुद नाफा रु | ० | | |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | ० | | |
| ८ | जगेडा कोष रु. | ० | | |
| ९ | सञ्चालन आत्मनिर्भरता | ० | | |

## ३. अनुगमन तथा प्रतिबेदन

### तालिका ३.१: अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमन मा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | ताडि.गन खा.पा. तथा सरसफाइ योजना | १ | १ | १ |
| २ | छ्याच्ची खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ३ | गाडापारी खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ४ | हेप्का खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ५ | लामागाउ खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ६ | सुन्ताक खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ७ | छटेसी खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ८ | गुम्वा खा.पा. तथा सरसफाइ योजना | १ | १ | १ |
| ९ | टाक्सिड. खा.पा. तथा सरसफाइ योजना | १ | १ | १ |
| १० | झुल खा.पा. तथा सरसफाइ योजना | १ | १ | १ |
| ११ | टिमजाम सिंचाई योजना | १ | १ | १ |
| १२ | लुमजुड.खोला सिंचाई योजना | २ | २ | २ |
| १३ | गानघोटान सिंचाई योजना (तिल) | १ | १ | १ |
| १४ | हाल्दिड. सिंचाई योजना (हाल्जी) | १ | १ | १ |
| १५ | होम्जाड. सिंचाई योजना (जाड.) | १ | १ | १ |
| १६ | धिगा बहुउपयोगि योजना | १ | १ | १ |
| १७ | ताडि्गन बहुउपयोगि योजना | २ | २ | २ |
| १८ | भियासा बहुउपयोगि योजना | १ | १ | १ |
| १९ | हावाखोला बहुउपयोगि योजना | १ | १ | १ |
| २० | संस्थागत शौचालय (गुम्वा) निर्माण | २ | २ | २ |
| २१ | बुद्ध आधारभुत विद्यालयमा शौचालय निर्माण | २ | २ | २ |
| २२ | नमोदुछोमु प्रा.वि. मा शौचालय निर्माण | २ | २ | २ |
| २३ | भृकुटी आधारभुत विद्यालयमा शौचालय निर्माण | २ | २ | १ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | |
|---|---|---|---|---|
| २४ | सामुदायिक शौचालय निर्माण, हिल्सा | २ | २ | २ |
| २५ | फलामे सुधारीएको चुल्हो योजना, नाम्खा ५,६ | २ | २ | १ |
| २६ | फलामे सुधारीएको चुल्हो योजना, नाम्खा १ | २ | २ | १ |
| २७ | फलामे सुधारीएको चुल्हो योजना, नाम्खा ३ | २ | २ | २ |
| | **जम्मा** | ४३ | ४३ | ४० |

### तालिका ३.२: गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १० | २ |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **१६** | **१४** | **२** |

### तालिका ३.३: अनुगमनमा औँल्याइएका सुझाबहरुको कार्यान्वयन

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | जेष्ठ र आषाढ २०७७ | सबै योजनाहरुमा लागत ईस्टमेट अनुसार कार्यहरु भएको सो अनुसार निरन्तरता दिनुपर्ने | कार्यान्वयन गरिएको |

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

### तालिका ४.१: गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७६।०४।०४ | सहयोगी संस्था तथा गाउपालिका जलश्रोत अधिकृतको मुल्याङ्कनका लागि प्रमुख प्रशासकिय अधिकृत तथा निजले तोकेको व्यक्तिलाई तोकने । |
| २ | २०७६।०५।१७ | सहयोगि संस्था तथा गाउपालिका जलश्रोत अधिकृतको मुल्याङ्कन समितीको प्रतिबेदनको आधारमा २०७६ श्रावण देखि २०७७ आषाढ मसान्त सम्म संझौता गरि कार्य गराउने । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| ३ | २०७६।०८।२२ | यारीखोला लघु जलविद्युत योजनाको ईलोक्ट्रो मेकानिकल सामाग्रिहरु सप्लाईका लागि बोलपत्र आव्हान गर्ने । |
| ४ | २०७६।११।२५ | हालसम्म भएका क्रियाकलापहरुको समिक्षा । |
| ५ | २०७६।१२।०५ | यारी तथा हिल्सामा सोलार मिनी ग्रिडका लागि परियोजना सहयोग इकाई, डडेलधुरामा अनुरोध गरि पठाउने । |
| ६ | २०७७।०१।२१ | रु. ३००,०००। को सरसफाइ सम्वन्धि सामाग्रिहरु चालु बजेट बजेट शिर्षक नं. २२५२२ बाट खरिद गर्ने । |
| ७ | २०७७।०२।२२ | स्थानीय श्रोत व्यक्तिहरुको करार म्याद थप । |
| ८ | २०७७।०३।०८ | आ.व. २०७६।७७ को बार्षिक कार्यक्रमलाई संशोधन गरि नो अव्जेक्सनका लागि परियोजना सहयोग इकाई डडेलधुरामा पठाउने । |
| ९ | २०७७।०३।२२ | यारी तथा हिल्सा मिनी ग्रिडको विस्तृत सर्वेक्षण कार्य रु. ३५०,०००। मा कन्सल्टेन्टबाट गराउने । |
| **RMSU तथा SO को संयुक्त मासिक वैठक** | | |
| १ | २०७६।०४।२६ | • प्रत्येक वडामा SO को शाखा कार्यालय स्थापना गर्ने । |
| २ | २०७६।०५।२५ | • सर्बे भएका योजनाहरुमा स्थानिय सामग्री संकलन गर्न लगाउने । |
| ३ | २०७६।०६।१५ | • कार्ययोजना भरे अनुसार फिल्डमा गइ योजनाको कामकाज सुरु गर्ने । |
| ४ | २०७६।०७।२८ | • घरबारी ब्यबस्थापनका तालिमहरु समयमा नै संचालन गर्ने । |
| ५ | २०७६।०८।०२ | • प्राबिधिकहरु योजनामा बस्ने र फिल्ड संयोजकहरुले तयारी चरण का तालिमहरु संचालन गर्ने |
| ६ | २०७६।०९।१४ | • प्रत्येक योजनामा सार्बजनिक सुनुवाई गर्नेबारे र कार्यक्षेत्र विभाजन बारे छलफल । |
| ७ | २०७६।१०।१६ | • चौमासिक / मासिक कार्ययोजना अनुसार भएको प्रगति बारे छलफल । |
| ८ | २०७६।११।२३ | • सम्पन्न हुन बाँकी रहेका योजना बारे /अनुगमन कार्यदलबाट अएका सुझाव माथि छलफल । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले परियोजनाको सहयोगमा खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. जलश्रोत ऐन २०७७
२. जलश्रोत नियमावली २०७७
३. स्थानिय तह सहकारी ऐन २०७७
४. महिनावारी स्वच्छता निर्देशिका २०७७
५. खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशिका २०७७
६. कृषि व्यवसाय प्रबर्द्धक ऐन २०७७
७. स्थानिय तहको उपभोक्ता समिति गठन पारित निर्देशिका २०७७



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## ६. सहकार्य

### तालिका ६.१: परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | स्वास्थ्य चौकी लाली | राष्टिय सरसफाइर सप्ताह | प्राविधिक | प्रबिधिक सहयोग |
| २ | स्वास्थ्य चौकी लाली | मर्यादित महनावारी स्वच्छता दिवश | प्राविधक | प्रबिधिक सहयोग |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७६/०७७ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

### तालिका ७.१: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | भारि हिमपात हुनु | ○ हिउ पग्लिए पछि कामको शुरुवात गरिएको छ ।<br>○ योजनामा नियमित रुपमा कर्मचारीबाट सहजिकरण गरिएको छ । |
| २. | उपभोक्ताले जनश्रमदानमा ध्यान नदिनु | ○ पटक पटक उपभोक्ताहरुको आम भेला गरि उपभोक्ताहरुलाई परिचालन गरिएको ।<br>○ वडा स्तरीय स्थानीय तह सँग समन्वय गर्नुका साथै नियमित अनुगमन सुपरिवेक्षण गरिएको । |
| ३. | माथि उल्लेखित | ○ मासिक कर्मचारीको बैठक बसि फिल्डमा आएका समस्याहरुको समाधानका लागि जिल्ला प्राविधिक सहयोग इकाई, गाउँपालिका परियोजना व्यवस्थापन समितिसँग समन्वय गरिएको । |

# अनुसूची १: यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु. मा) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिका को खर्च | आगामी आ.व.मा क्रमागत भई जाने / नजाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| ताङगिन खा पा तथा सरसफाई योजना | १ | २,९३७,८२९.७३ | १,४६८,९१४.८७ | १,४६८,९१४.८७ | २६९,१०९.८६ | जाने | १४६८९१४.८७ | ० |
| छायाची खा पा तथा सरसफाई योजना | ४ | २,७७१,११७.३६ | २,६५८,000.00 | १,३२९,000.00 | ३९२,000.00 | नजाने | 0.00 | १४१ |
| गाडापारी खा पा तथा सरसफाई योजना | १ | २,९१३,८५२.७१ | २,८१४,000.00 | १,४०७,000.00 | ४३३,000.00 | नजाने | 0.00 | १५७ |
| हेप्का खा पा तथा सरसफाई योजना | १ | २,७४९,०८४.९६ | २,६३०,९९९.९९ | १,३१५,५00.00 | ४२७,000.00 | नजाने | 0.00 | ४५० |
| लामागाउ खा पा तथा सरसफाई योजना | १ | १,९८७,७८६.४८ | १,९२२,000.00 | ९६१,000.00 | ३७0,000.00 | नजाने | 0.00 | ६० |
| सुम्ताक खा पा तथा सरसफाई योजना | ५ | ६,६२७,३८४.८० | ६,४८२,५00.0१ | ३,२४१,२५0.0१ | ९७८,५00.00 | नजाने | 0.00 | ३०३ |
| छाटेसी खा पा तथा सरसफाई योजना | ४ | ७,००९,०५२.३१ | ३,५०४,५२६.१६ | ३,५०४,५२६.१६ | ६०२,४८१.७४ | जाने | ३५०४५२६.१६ | ० |
| गुम्बा खा पा तथा सरसफाई योजना | ३ | १,९०३,४९३.६८ | ९५१,७४६.८४ | ९५१,७४६.८४ | १५४,८00.८१ | जाने | ९५१७४६.८४ | ० |
| टाक्सिंग खा पा तथा सरसफाई योजना | ३ | ५,३७०,७७३.५० | २,६८५,३८६.७५ | २,६८५,३८६.७५ | ४३५,४६८.१२ | जाने | २६८५३८६.७५ | ० |
| झुल खा पा तथा सरसफाई योजना | ३ | ४,९२३,४९३.९९ | २,४६१,७४७.00 | २,४६१,७४७.00 | ४३९,३५१.५५ | जाने | २४६१७४७.00 | ० |
| **जम्मा:** | | ३९,१९३,८६९.५२ | २७,५७९,८२१.६१ | १९,३२६,०७१.६१ | ४,५०१,७१२.०८ | | ११,०७२,३२१.६१ | १,१११ |
| **सिँचाई / बहुपयोगी योजना** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तिङजाम सिचाई योजना | ० | ३९२०२१७.२१ | १९६०१०८.६१ | १९६०१०८.६१ | ५६००३१.०३ | जाने | १९६०१०८.६१ | ० |
| लुमजुम खोला सिचाई योजना | ४ | ३२२०४६७.७९ | ३०२७०००.०० | १५१३५००.०० | ६६००००.०० | नजाने | ०.०० | २२५ |
| गानघोटाङ  सिचाई योजना तिल | ६ | २४७२८४४.२५ | १२३६४२२.१३ | १२३६४२२.१३ | ३५३२६३.४७ | जाने | १२३६४२२.१३ | १४३ |
| हल्दिङ सिचाई योजना हल्जी | ६ | ४५५६९६०.२५ | २२७८४८०.१३ | २२७८४८०.१३ | ६५०९९४.३२ | जाने | २२७८४८०.१३ | ४०० |
| होम्जाङ  सिचाई योजना जाङ | ६ | ४८९३०४५.०२ | २४४६५२२.५१ | २४४६५२२.५१ | ६९९००६.४३ | जाने | २४४६५२२.५१ | २५३ |
| धिगा  बहुउपयोगी योजना | १ | ४९१३२८२.५३ | २४५६६४१.२७ | २४५६६४१.२७ | ६९३११०.३९ | जाने | २४५६६४१.२७ | ० |
| ताङगिन  बहुउपयोगी योजना | १ | २८८७०४५.९२ | २८७३०००.०० | १४३६५००.०० | ८०००००.०० | नजाने | ०.०० | ३३१ |
| भियासा बहुउपयोगी योजना | ५ | ४६९३३५२.०२ | २३४६६७६.०१ | २३४६६७६.०१ | ६६०४९८.९४ | जाने | २३४६६७६.०१ | ० |
| हावाखोला बहुउपयोगी योजना | ४ | ४००३२५०.३२ | २००१६२५.१६ | २००१६२५.१६ | ५६१९१२.९८ | जाने | २००१६२५.१६ | ० |
| **जम्मा:** | | **३५५६०४६५.३१** | **२०६२६४७५.८०** | **१७६७६४७५.८०** | **५६३८८१७.५५** | | **०.००** | **१३५२** |
| **संस्थागत शौचालय** | | | | | | | | |
| सस्थागत शौचालय गुम्बा निर्माण | १,३,<br>४,६ | २,५१७,९५७.५४ | १,८८८,४६८.१६ | १,८८८,४६८.१६ | ६६५,३९३.२० | जाने | ६२९४८९.३९ | ४६० |
| बुद्ध आधारभूत बिधालय शौचालय निर्माण | १ | ३१४,०८२.०० | ३१४,०००.०० | ३१४,०००.०० | ८९,९३०.०० | नजाने | ०.०० | ११५ |
| नमोदुछमु प्राथमिक बिधालय शौचालय निर्माण | १ | ३१५,२९१.१६ | ३०९,०००.०१ | ३०९,०००.०१ | ८९,१८५.६४ | नजाने | ०.०० | ३७ |
| भृकुटी आधारभूत बिधालय शौचालय निर्माण | ६ | ३३५,५१९.५४ | ३३५,०००.०० | ३३५,०००.०० | ९६,२३५.१६ | नजाने | ०.०० | ४६ |
| हिल्सा सामुदायिक शौचालय निर्माण हिल्सा | ५ | १,५८४,२९६.७० | १,५८३,०००.०० | १,५८३,०००.०० | ४५०,२१४.९२ | नजाने | ०.०० | ३०० |
| **जम्मा:** | | ५,०६७,१४६.९४ | ४,४२९,४६८.१७ | ४,४२९,४६८.१७ | १,३९०,९५८.९२ | | ६२९,४८९.३९ | ९५८ |
| **सुधारिएको पानीघट्ट** | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा:** | | | | | | | | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| सुधारिएको चुल्हो | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सुधारिएको फलामे चुल्हो योजना ५ र ६ | ५,६ | ३३९८२१८.६४ | ३३८0000.00 | ३३८0000.00 | ८४६२९६.३६ | नजाने | 0.00 | १२८३ |
| हेप्का सुधारिएको फलामे चुल्हो योजना १ | १ | २९५0४00.00 | २८0२८८0.00 | १३२७८८0.00 | ७३७६७९.00 | जाने | १४0000.00 | १७३६ |
| खगालगाउ सुधारिएको फलामे चुल्हो योजना ३ | ३ | १७९0६00.00 | १७९0000.00 | १७९0000.00 | ४४६६२२.00 | नजाने | 0.00 | ७५0 |
| **जम्मा:** | | **८१३९२१८.६४** | **७९७२८८0.00** | **६४९७८८0.00** | **२0३0५९७.३६** | | **१४0000.00** | **३७६९** |

## अनुसूची २.१: यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | योजनाहरुमा चरणबद कार्यपदतीका तालिमहरु | | | ५१ | 0 | 0 | ३५२ | २६४ | 0 | 0 |
| २ | उपभोता समिति व्यवस्थापन तालिम | ४ | ३ | १ | 0 | 0 | १९ | १३ | 0 | 0 |
| ३ | योजनाहरुमा निर्माण पश्चात तथा पानी सुरक्षा गोष्ठीहरु | | ८ | | 0 | 0 | ४0 | ३३ | 0 | 0 |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरबारी ब्यबस्थापन तालिम | | ३ | १५ | ० | ० | ३५९ | ९६ | ० | ० |
| २ | भुईचुक संकलन तथा प्रोसधन तालिम | | ५ | १ | ० | ० | ६ | १३ | ० | ० |
| ३ | अगुवा किसान  तालिम | | ३ | १ | ० | ० | १३ | ४ | ० | ० |
| ४ | बिधुत सहकारी सस्थाका लागि  प्रशिक्षका प्रशिक्षण तथा विनियम तयारी तालिम | | १० | २ | ० | ० | १४ | २० | ० | ० |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १. | स्थानीय श्रोत ब्यक्ति तालिम | | ३ | १ | ० | ० | १ | १ | ० | ० |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | | | | | | | |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १. | निर्णयमा महिला तालिम | | ३ | १ | ० | ० | १९ | ० | १ | ३ |
| | | | | | | | | | | |
| १. | दिबसहरु मनाउदा | | | २ | ४० | ० | १५३ | ११९ | ० | ० |

## अनुसूची २.२: गत वर्ष २०७५।०७६ सम्मको पेश्की / वेरुजु बाँकीको अवस्था

| कुल पेश्की / वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की / वेरुजु रकम रु | कुल पेश्की / वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की / वेरुजु रकम रु |
|---|---|---|---|
| १५०,५०,००० | १५०,५०,००० | १५०,५०,००० | १५०,५०,००० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची २.३: आर्थीक बर्ष २०७६/०७७ मा थप भएको समेत कुल पेश्की / बेरुजु बाँकीको अवस्था

| आ.व. २०७५/०७६ सम्मको पेश्की / वेरुजु रकम मध्ये २०७६/०७७ मा फर्छ्यौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की / वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत ०७५।०७६ सम्मको कुल पेश्की तथा वेरुजु बाँकी रकम रु | कैफीयत |
|---|---|---|---|
| १५०,५०,००० | ० | ० | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# अनुसूची ३: गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

## १ . बर्षौं देखीको अधुरो सपना पुरा






हुम्ला जिल्ला नाम्खा गाउपालिका भौगोलीक रुपले विगट र क्षेत्रफलको हिसावले नेपालकै ठुलो गाउपालिका हो । यहाको भाषा धर्म भेषभुषा र पहिचान अलक रहेको छ । नाम्खा गाउपालिका अन्त्रगत ६ वटा वडा कार्यलय रहेका छन् । यस गाउपालिका अन्त्रगत विभिन्न कार्यक्रम लिएर संघ सस्थाले आ आफ्नो कार्यक्रम संचालन गर्दै आए पनि ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण ले आफ्ना अलग कार्यक्रम संचालन गर्दै आएको छ ।

परियोजनाले खानेपानी, सिचाई,वहुउपयोगी योजना, आधुनिक सुधारीएको पानी घट्ट योजना ,सुधारीएको फलामे चुल्हो योजना,पूर्ण सरसफाइका क्रियाकलाप,जिविकोपार्जन का क्रियाकलाप ,लघु जलविधुत र सहकारी प्रवर्धन जस्ता क्रियाकलाप संचालन गर्दै आएको छ । यसमा पनि आ.व.२०७६।०७७ को वाषिक कार्यक्रममा नाम्खा गाउपालिका वडा न.५ मुचु मा सुन्ताक खानेपानी तथा सरसफाई योजनाको सम्भौता भई सम्पुर्ण निमार्ण कार्य सम्पन्न भई सकेको छ ।यस योजनामा २१ वटा सार्वजनिक धारा २ वटा फेरो सिमेन्ट टेङ्क निमार्ण गरी संचालन आएको छ । यस योजनाले ४६ लाभान्वित घरधुरी लाई समेटेको छ ।जनसंख्याको आधारमा महिला १५० पुरुष १५३ जनसंख्यालाई समेटेको छ । उत्त टोलका ४६ घरधुरी लाई सुधारिएको फलामे चुल्हो को पहुँच पुगेको छ । यस खानेपानी योजनाको अध्यक्ष सितार लामा का अनुसार यस परियोजनाले नयाँ खानेपानी योजनाको केहि फरक मतले प्रस्तुत गर्नु भएको । योजनाको डिजायन स्टेमेट तयार गरी मात्र वजेट को व्यवस्था भई संचालन गर्ने पानी को गुणस्तर चेक जाच गरी योजना निमार्ण गर्नु योजनाको संरचना निमार्ण सामाग्रीको गुणस्तरीय चेक जाच गरी क्षमता विकासका तालिम संचालन गरी उपभोक्ता समिति लाई क्षमता अभिवृद्धी गर्ने कार्य लगायत मुल देखि मुख सम्मको सुरक्षीत पानी को व्यवस्था मिलाई दिएकोमा परियोजना लाई धन्यवाद दिनु भयो ।



यसै गरी मुचु निवासी पाल्जोर लामाका अनुसार पहिला को खानेपानीमा चुना देखिएको ले पिउन योग्य नभएको यो खानेपानी को संरचना वलियो भरपर्दो र स्वच्छ पीउन योग्य सुरक्षीत भएकोले हामी मुचु निवासी खुसीको सिमा नरहेको वताए ।

आङ्गमु तामाङ्गले भन्नु भयो यो परियोजनाले हाम्रो सवै आवश्यकता पुरा गरेको छ । स्वच्छ पानी, धुवाँ रहित, घरवारीका लागी तरकारीका विउ विजन हिउदे तरकारीका लागी ग्रीन हाउसका प्लास्टिक वितरण गरि हिउदमा पनि तरकारी खान पाएको भनि परीयोजनालाई स धन्यवाद दिएको आगमी वर्षमा पनि यस्ता तालिम र योजना आए नाम्खा गाउपालिका का लाई ठुलो उपलब्धि हुने थियो ।

## २ . ढुङ्गा खोज्दा देउता मिल्यो



भौगोलीक रुपमा क्षेत्रफलको हिसाबले हुम्ला जिल्ला नाम्खा गाउपालिका नेपालको सबैभन्दा ठुलो गाउँपालिका हो । यहाका बासिन्दाहरुको आफनै भाषा,धर्म,भेषभुषा र पहिचान अलक रहेको छ । नाम्खा गाउपालिका अन्त्रगत ६  वटा वडा कार्यालय रहेका छन् । यस गाउपालिका अन्तरगत विभिन्न कार्यक्रम लिएर संघ सस्थाले आ आफ्नो कार्यक्रम संचालन गर्दै आए पनि ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरणल आफ्ना अलग कार्यक्रम संचालन गर्दै आएको छ ।

परियोजनाले खानेपानी, सिचाई,वहुउपयोगी योजना, आधुनिक सुधारीएको पानी घट्ट योजना ,सुधारीएको फलामे चुल्हो योजना,पूर्ण सरसफाइका क्रियाकलाप ,जिविकोपार्जन का क्रियाकलाप ,लघु जलविधुत र सहकारी प्रवर्धन जस्ता क्रियाकलाप संचालन गर्दै आएको छ । यसमा पनि आ.व.२०७६।०७७ को वाषिक कार्यक्रममा नाम्खा गाउपालिका वडा न.६ ताङ्गिनमा  ताङ्गिन बहुउपयोगी योजनाको सम्भौता भई सम्पुर्ण निमार्ण कार्य सम्पन्न भई सकेको छ  यस बस्तिमा जम्मा ४६ घरधुरी बसोबास गर्छन्। यस योजनामा १ वटा सुधारिएको आधुनिक घट्ट तथा सिंचाइको लागि १ वटा माटे पोखरी निमार्ण गरी संचालन आएको छ ।जनसंख्याको आधारमा महिला १६३ तथा पुरुष १६८ जनसंख्यालाई समेटेको छ । यस बहुयोजना योजनाको सम्पन्न हुनु भन्दा अगाडी ४ घण्टा पैदल हिडेर  औल ताङ्गिनमा घट्ट पिस्न आउनु पर्ने बाध्यता भएको नाम्खा १ को पामा याङ्गजुम तामाङ्गले बताईन् । यो योजना सम्पन्न भएपछि सम्पूर्ण गाउँबासीको समयको बचतको साथै खेतबारीमा सिंचाईको सुबिधा तथा गाइगोरुलाई पानीको सुबिधा पनि सहज भएको नाम्खा १ निबासी नारायण लामाले बताउनु भयो ।  डिजायन स्टेमेट तयार गरी मात्र वजेट को व्यवस्था भई संचालन गर्ने पानी को गुणस्तर चेक जाच गरी योजना निमार्ण गर्नु योजनाको संरचना निमार्ण सामाग्रीको गुणस्तरीय चेक जाच गरी क्षमता विकासका तालिम संचालन गरी उपभोक्ता समिति लाई क्षमता अभिवृद्धी गर्ने कार्य लगायत मुल देखि मुख सम्मको सुरक्षीत पानी को व्यवस्था मिलाई दिएकोमा परियोजना लाई धन्यवाद दिनु भयो ।




यसै गरि ताङ्गिन निवासी पाल्देन लामाका अनुसार ३ किलोमिटर लामो भौगोलिकरुपमा अप्ठयारो ठाउँमा हेर्दा  असंम्भब लाग्ने यो योजना सबैको अथक प्रयास तथा सहकार्यको नमुना भएको बताउँनु भयो । घर नजिकै सिचाई पुग्दा आधुनिक घट्ट पनि नजिकै सुविधा पुगेकोले ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाले काम गने तरिका र एकदम पारदर्शिक रुपमा छिटो छरितो योजना निर्माण गर्ने परियोजन रहेछ त्यसैले ढुङ्गा खोज्दा देउता मिल्यो भन्नु भयो ।

स्वच्छ पानी, धुवाँ रहित, घरवारीका लागी तरकारीका विउ विजन हिउदे तरकारीका लागी ग्रीन हाउसका पाल पाई हिउदमा पनि तरकारी खान पाएको भनि परीयोजनालाई स धन्यवाद दिएको आगमी वर्षमा पनि यस्ता तालिम र योजना आए नाम्खा गाउपालिका को भलाई हुने थियो भनि नाम्खा १ निबासी छिरिङ्ग याङ्गजुम तामाङ्गले बताइन् ।

## २.घरवारीवाट आयआर्जनमा वृद्धि

मेरो नाम तुइकी लामा हो मेरो घर नाम्खा गाउपालिका वडा न ४ याङ्गार गाउमा छ । म अहिले ३६ बर्षकी भए । मेरो घरमा श्रीमान ,सासु ,ससुरा ,र दुई वटा छोराहरु गरि ६ वटा परवािर संख्या छन । मेरो घरमा यस ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाद्धारा स्नोल्याण्ड एकिकृत विकास केन्द्र सस्थावाट ग्रीनहाउसको पाल पाउनु भन्दा पहिले हिउदको समयमा मेरो घरमा सुको तरकारी मात्र खाने गर्थ्यौ । हिउदको समयमा हरियो तरकारी खान त के देख्न पनि पाइदैन थियो । अहिले ग्रीनहाउसको पाल पाए देखि मेरो घरमा हिउदको समयमा पनि प्रशस्त मात्रमा प्रत्येक दिन बिहान बेलुका खानासगँ हरियो सागपात खान पाएका छौ र अलिकति भए पनि आफन्तहरुलाइ दिन पाएका छौ गाउघरका इष्टमित्र छरछिमेकलाइ पनि दिन पाएका





छौ तेसैले वेमौसममा पनि हरियो सागपात आफु खान पाएकोमा र आफ्ना आफन्त इष्टमित्र गाउघर छरछिमेकलाई बाड्न वा दिन पाएकोमा मेरो घर परिवार धैरै खुशि छौ । मेरो घर देखि बजार धैरै टाढा भएकोले तरकारि बिक्री गरेर आर्थिक बृद्धि नभए पनि तरकारि किन्ने पैसाको बचत भएको छ । मेरो घरमा पारिवारिक पोषणको लागि दैनिक दिन आवश्यक पर्ने हरियो सागपात आपुति भएको छ । मौसमि खेतिको लागि चाहिने तरकारिका वेर्ना जस्तै काउलि बन्दा प्याज टमटर आदि ठिक समयमा पाहिले नै चाडो वेर्ना उमार्न सकिएको



छ तेसैले ठिक समयमा मौसमि तरकारि खेति गर्न सहज भएको छ । चिनोको रुपमा पाहिले खुर्शानी ग्रीनहाउसको पाल पाएदेखि ग्रीनहाउस भित्र आफैले खुर्शानी उन्पादन गरेर खाना पाएका छौ । गाजर र मुला खाना पाएका छौ आदि इत्यादिले गर्दा ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना र स्नोल्याण्ड एकिकृत विकास केन्द्र सस्थालाई धन्यवाद दिदै म र मेरो घरपरविार एकदम खुशि छौ ।



GOVERNMENT OF NEPAL

EUROPEAN UNION


Ministry for Foreign Affairs of Finland

## अनुसूची ४: भिजिविलिटी

- परियोजना प्रभावकारी संचालन गर्नको लागि महिला शसक्तिकरण, सरसफाइ सम्वन्धी जनचेतनामुलक सन्देश दिनको लागि एफ. एम. रेडियो कार्यक्रम संचालन गरिएको छ ।
- योजनाको प्रभावकारी कार्यान्वयन तथा पारदर्शिताको लागि सबैले देख्ने गरि सुचना बोर्ड टाँस गरिएको छ ।
- परियोजनाको लक्ष्य उद्देश्य पूर्ति गर्नको लागि विभिन्न दिवशहरु ( विश्व चर्पी दिवश, विश्व पानी दिवश, अन्तराष्ट्रिय महिला दिवश, राष्ट्रिय सरसफाइ सप्ताह, महिनावारी स्वच्छता दिवश) मनाइएको छ ।
- सम्पन्न योजनाहरुका संरचनाहरुमा सरसफाइ सम्वन्धि नाराहरु लेखिएको छ ।
- गोरखापत्र र कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा योजनाहरुको वारेमा समाचार लेखिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | व्यानर | विभिन्न | कोराना भाईरसका करण बिश्व महामारी फैलिएको बेला जनचेतनामुलक पोस्टर द्वारा जानकरी |
| २ | भेला | विभिन्न | सरसफाई सम्बन्धि विभिन्न खाले दिबशहरु |
| ३ | एफ.एम. रेडियो | विभिन्न | जनचेतनामुलक रेडियो कार्यक्रम |





GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## अनुसूची ५: जनशक्ति विवरण

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| **क.** | **गाउँपालिका सहयोग ईकाइ अन्तरगत रहने गरिः** | | | |
| १ | दन्त बहादुर शाही | नाम्खा गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना हुम्ला | गाउँपालिका जलश्रोत अधिकृत | १२ |
| २ | कार्बु लामा | ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना हुम्ला | प्राविधिक सहजकर्ता | ९ |
| ३ | बर्ख बहादुर पाल | ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना हुम्ला | जीविकोपार्जन सहजकर्ता | १ |
| **ख.** | **सहयोगी संस्था अन्तरगत रहने** | | | |
| | **नाम्खा गा. पा. / ग्रामिण जलश्रोत ब्यवस्थापन परियोजना, हुम्ला (स्नोल्यान्ड एकिकृत विकास केन्द्र)** | | | |
| ४. | धुर्ब बहादुर शाही | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | फिल्ड संयोजक | १२ |
| ५. | छक्क बहादुर लामा | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | फिल्ड संयोजक | १२ |
| ६. | लंक लामा | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | सब ईन्जीनियर | १२ |
| ७. | बबिता शाही | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | सरसफाई तथास्वच्छता प्रबद्दक | १२ |
| ८. | जिक्मेत डोल्मा लामा | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | सरसफाई तथास्वच्छता प्रबद्दक | ९ |
| ९. | रुपसिङ भण्डारी | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | जीविकोपार्जन प्रबद्दक | १२ |
| १०. | सोबन शाही | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | जलश्रोत प्राविधिक | १२ |
| ११. | सरिता लामा | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | जलश्रोत प्राविधिक | १२ |
| १२. | जितेन्द्र रावत | स्नोल्यान्ड एकिकृत विकास केन्द्र | जलश्रोत प्राविधिक | १२ |

***


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland